**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# *मोक्ष* उपन्यासमा वर्गपक्षधरता

प्रभा मरहट्टा कोइराला
नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन

***Article History :*** *Submitted 15, Nov. 2023.; Reviewed: 17, Jan. 2024; Revised : 12, Feb. 2024*
***Corresponding Author :*** *Prabha Marahatta* ***E-mail :*** *koiralaprabha@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v2i01.65908*

**सारसङ्क्षेप**

*२०५२ सालबाट नेपाल कम्युनिस्ट पार्टी माओवादीले सुरुवात गरेको जनयुद्धलाई केन्द्रीय विषयबस्तु बनाइएका मोक्ष उपन्यासमा उत्पीडित वर्गीय विद्रोहलाई मोक्ष कि मृत्यमा आधारित बनाएर गरिएका वैचारिक सङ्घर्ष, वर्गीय द्वन्द्वका सन्दर्भ र घटनाहरू वर्णन गरिएको छ । यसमा नेपाली अर्धसामन्ती तथा अर्धपुँजीवादी समाजका विभिन्न प्रकृतिका विभेद, हिंसा, दलन र शोषणबाट मोक्ष वा मुक्तिको खाजी गर्दै वर्गीय सङ्घर्षमा आवद्ध भएका पात्रहरू प्रयोग गरी सामाजिक, आर्थिक तथा राजनीतिक अन्तरविरोधहरू सशक्त रूपमा चित्रण गरिएको छ । उपन्यास विधामा अझै स्पष्टसँग वर्गचेतना, वर्गसङ्घर्ष तथा वर्गपक्षधरता चित्रण गरिएको हुन्छ । उपन्यासमा वर्गचेतना तथा वर्गपक्षधरता प्रस्तुत गर्ने माध्यम नै पात्रहरू हुन् । मार्क्सवादी साहित्यमा श्रमजीवी तथा सर्वहारा वर्गीय पक्षधरता हुन्छ । पात्रहरूमा देखिएको वर्गीय सचेतना तथा वर्गीय पक्षधरताले वर्गीय उत्थानका निम्ति वैचारिक अन्तर्विरोध तथा द्वन्द्वको स्थिति निर्माण गर्छ । यस लेखमा मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणअनुसार मोक्ष उपन्यासका पात्रहरूमा रहेको वर्गचेतनाले निमार्ण गरेको वैचारिक पक्षधरता तथा वर्गीय पक्षधरताको अभिव्यक्ति केकस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञाशा समाधान गर्नु नै मुख्य उद्देश्य राखिएको छ । यसर्थ यस्तो अध्ययन गुणात्मक प्रकृतिको हुने हुँदा पुस्तकालयीय विधिको उपयोग गरी अध्ययन र विश्लेषण गरिएको छ । यस अध्ययनबाट उपन्यासमा मूलभूत रूपमा उत्पीडित वर्गीय गरिब, निमुखा, दलित, श्रमजीवी तथा सर्वहारा पक्षीय सशक्त वैचारिक पक्षधरता, वैचारिक प्रतिरोध तथा द्वन्द्व रहेको निष्कर्ष निकालिएको छ । उपन्यासमा जनयुद्धमा प्रत्यक्ष रूपमा सहभागी भएका निम्नवर्गीय छापामारहरू, जनयोद्धाहरू र वर्ग दुश्मनबाट नयाँ चिन्तन तथा आदर्श सुरुवात हुनासाथ दमन गरिहाल्नुपर्छ भन्ने पुँजीवादी-सामन्ती राज्यसत्ताका संयन्त्रका मतियारहरूका बिचमा सशस्त्र वर्गीय सङ्घर्ष भएका घटनाहरू संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको छ । उपन्यासमा प्रायः निम्नवर्गीय शोषित, उत्पीडित पात्रहरू सङ्गठित रूपमा वैचारिक तथा वर्गीय पक्षधरताका साथ सशक्त विद्रोह तथा प्रतिरोधमा उत्रिएका छन् । यस लेखमा आमूल परिवर्तनको खोजीमा क्रान्ति यात्रामा लागेका वर्गीय पात्रहरू प्रयोग गरी समतामूलक तथा न्यायमूलक समाज निर्माणका लागि अझै क्रान्तिकारी अभियान चलाउनु पर्ने रहस्य उद्घाटन यस उपन्यासले गरेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : क्रान्ति, पक्षधरता, प्रतिरोध, वर्गसङ्घर्ष, वैचारिकता ।

**विषयपरिचय**

*मोक्ष* उपन्यास २०७८ सालमा साङ्ग्रिला बुक्स प्रा.लि.ले प्रकाशन गरेको हो । यो उपन्यास २०५२ सालबाट नेपाल कम्युनिस्ट पार्टी माओवादीले सुरुवात गरेको जनयुद्धकालीन घटना, परिवेश, चरित्र तथा सौन्दर्यमा आधारित छ । यस उपन्यासका रचनाकार सिर्जन अविरल हुन् । नेपाली साहित्य र सञ्चारका क्षेत्रमा सक्रिय सिर्जन अविरलको यो पहिलो

*Copyright 2024© the Author(s)*

उपन्यास हो । उपन्यासमा जनयुद्धकालीन विभिन्न घटना, परिस्थिति, जनयुद्धका छापामारहरूका आशा, विश्वास, साहसपूर्ण क्रियाकलापहरू तथा उनीहरूमाथि राज्यसत्ताबाट गरिएका विभिन्न किसिमका शोषण, यातना, दमन आदि विषयवस्तुहरूलाई संस्मरणात्मक शैलीमा आख्यानीकरण गरिएको छ । यस उपन्यासभित्र आठवटा उपशीर्षकहरू राखी आख्यानलाई पूर्णता दिएको छ। *मोक्ष* मूलशीर्षक रहेको यस उपन्यासभित्रका उपशीर्षकहरूमा 'समयको कथा', 'नसकिने युद्ध', 'थवाङमा शारदा', 'कारागारमा बा', 'रेडियो समय', 'कन्टेनर', 'स्मृति कोलाज', 'इच्छाको बाटो', 'आविष्कारको कथा', 'निरीह अदालत', ' पलायन', 'समयको साक्षी, 'दुःखको गीत', 'आमाको अनुहार', 'फरक बाटो', 'कठोर समय', 'मोक्ष', 'सुनाउन नपाएको कथा' आदि रहेका छन् । उपन्यासमा उत्पीडित वर्गीय बहुल पात्रहरूलाई नायकत्व प्रदान गरी निम्नवर्गीय समस्या, विद्रोहपूर्ण सङ्घर्ष र उनीहरूमाथि गरिएका अन्याय, दमन, शोषण चित्रणलाई प्रथमिकता दिइएको छ ।

यस उपन्यासमा उत्पीडक वर्गीय र उत्पीडित वर्गीय बहुल पात्रहरूको प्रयोग गरिएको छ । उपन्यासमा प्रयोग गरिएका सक्रिय पात्रहरू कोही माओवादी जनयुद्धसँग जोडिएका छन भने कोही शोषणमुखी राज्यव्यवस्थाका संयन्त्रहरूसँग जोडिएका छन् । उपन्यासमा जनयुद्धकालीन परिवेश र घटनाक्रमलाई पात्रसँग जोडर आख्यानीकरण गरी परिवेशसँग मिल्ने खालका जीवन्त चरित्रहरूको प्रयोग गरिएको छ । यस उपन्यासमा सुरुदेखि अन्त्यसम्म रहेका मुख्य पात्रहरूमा आदित्य, उसका बा-आमा, शारदा, देव, इच्छा, आविष्कार आदि रहेका छन् । गौण पात्रहरूमा विक्रम पाण्डे, व्यारेकका कर्नेलहरू, पुलिसहरू, सिपाहीहरू, आनन्द, कृष्ण सेन, खुशीराम, सलिना, अम्बिका आदि रहेका छन् । उपन्यासको समाख्याता आदित्य रहेको छ । उसले संस्मरणात्मक शैलीमा उपन्यासका हरेक पात्रहरूका क्रियाकलापहरू आफैले देखे जसरी वर्णन गरेको छ । ऊ उपन्यासकारका वैचारिक चिन्तन, दर्शन, पक्षधरता, उद्देश्य तथा सन्देशको संवाहक बनेर पनि उपन्यासमा उपस्थित भएको छ । यस उपन्यासमा धेरैजसो पात्रहरू आख्यान वर्णनका क्रममा आवश्यकता र सन्दर्भअनुसार बिचैमा तानिएर आएका छन् र बिचमा नै हराएका पनि छन् । उपन्यास २०५२ देखि २०६२/०६३ सालसम्म कम्युनिस्ट पार्टी माओवादीले सञ्चालन गरेका जनयुद्धकालीन घटनाक्रममा आधारित छ । यसमा प्रयोग गरिएका पात्रहरू वर्गीयचेतना, पक्षधरता तथा वैचारिक द्वन्द्वका साथ वर्गयुद्धमा प्रत्यक्ष रूपमा जोडिएका देखिन्छन् । यसले नेपाली समाजमा घटेका वर्गद्वन्द्व, प्रतिद्वन्द्वका घात-प्रतिघात, हिंसा-प्रतिहिंसा आदिलाई पनि उद्घाटन गरेको छ । जनयुद्धले उद्बोधन गरेका तथ्यपूर्ण तथा यथार्थपूर्ण घटनाक्रमलाई आख्यानीकरण गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुको उपयोग गरी जनयुद्धको सर्वदर्शी बनेको आदित्यलाई मुखपात्रका रूपमा उपयोग गरिको छ । यस उपन्यासमा रहेका वर्गीय पात्रहरू जनयुद्धलाई सफल बनाउन सक्रिय रहेका छन् भने केही सत्तासंयन्त्रबाट परिचालित पात्रहरू जनयोद्धा तथा छापामारहरूलाई दमन गरी उनीहरूका नयाँ विचार, क्रान्तिकारी आवाज तथा क्रियाकलापहरू सदाका लागि बन्द गर्न सक्रिय रहेका छन् । उपन्यासमा प्रयोग गरिएका पात्रहरू नै वर्ग पक्षधरता अध्ययनका प्रमुख त्त्व हुन् ।

वर्गीय समाजमा फरक स्वार्थ, आवश्यकता, उद्देश्य र विशेषता रहेका वर्गहरूका बिचमा निरन्तर वर्गसङ्घर्ष चलिरहन्छ र यसले वर्गीय पक्षधरता सबल बनाउँछ। शक्तिशाली वर्गले जहिले पनि शक्तिहीन वर्गलाई अन्याय, अत्याचार, शोषण, दमन गर्न खोज्छ वा गरिरहेको हुन्छ । चर्को शोषण, दमनमा परेका शक्तिहीन वर्गले आफ्नो गाँस, बासको व्यवस्थासमेत जुटाउन नसक्ने स्थिति सिर्जना भएपछि तीव्र विरोध गर्दछन् । आक्रोशका साथ ज्यानको माया मारेर शक्तिशाली वर्गका शोषण, दमन, अन्याय गर्ने प्रवृत्तिमाथि प्रहार गर्न थाल्दछ । समाजमा रहेको शक्तिशाली वर्ग जहिले पनि सत्ता र राज्यसंयन्त्रसँग जोडिएको हुन्छ । त्यसैको आडमा यही वर्गले आम श्रमजीवी, सर्वाहारा तथा निमुखा वर्गमाथि अन्याय, शोषण र दमन गरिरहने मेसो मिलाएको हुन्छ, यही कारण उत्पीडितवर्गका व्यक्तिले एक्लै विद्रोह गरे भने चर्को दमनमा गरी जिउ, धन नै समाप्त पारिदिने स्थिति सिर्जना हुनसक्छ । यस्ता कुरा ख्याल गरेर उत्पीडनमा परेका न्यायप्रेमी जनताहरूले एक्लै भिड्दाका अनुभवहरूका आधारमा साङ्गठानिक रूपमा वैचारिक पक्षधरता तथा वर्गीय पक्षधरताका साथ वर्गसङ्घर्षको सुरुवात गर्दछन् । शोषक

र शासकवर्गले उनीहरूमाथि जति दमन गर्छ त्यति नै बढी उनीहरूमा वर्गीय प्रेम र विपरीत वर्गप्रति घृणाभाव पनि सिर्जना हुन्छ। यसले शक्तिशाली तथा शसस्त्र वर्गद्वन्द्वको स्थिति सिर्जना गर्छ। प्रस्तुत उपन्यास पनि जनयुद्धकालीन युद्ध सौन्दर्यलाई विषयवस्तु बनाई रचना गरिएको हुँदा वर्गीय चेतनाबाट निर्देशित वैचारिक द्वन्द्वमा सक्रिय भएका पात्रहरूको प्रयोग गरिएको छ। यस उपन्यासलाई अन्य दृष्टिकोणहरूबाट पनि अध्ययन र विश्लेषण गर्न सकिन्छ तर यस लेखमा चाहिँ मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणअनुसार पात्रहरूमा रहेको वर्गीय चेतनाले निर्माण गरेको वर्गपक्षधरता के कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासा समाधानमा मात्र केन्द्रित गर्नु नै अध्ययनको मुख्य उद्देश्य रहेको छ। यस उपन्यासका बारेमा सामान्य अध्ययन भए तापनि मार्क्सवादी दृष्टिकोणबाट वर्गपक्षधरता अध्ययन नभएको तथा यस लेखमा पात्रमा निहित वर्गचेतनाका आधारमा वर्गपक्षधरता पहिचान र विश्लेण गरिएको हुँदा यो लेख औचित्यपूर्ण रहेको छ।

### अध्ययन विधि

प्रस्तुत लेखमा कृति अध्ययन र विश्लेषण लागि पुस्तकालय विधि प्रयोग गरिएको छ। *मोक्ष* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ भने वर्गचेतना, वर्गपक्षधरता तथा वैचारिक द्वन्द्वसँग सम्बन्धित मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी अवधारणा तथा *मोक्ष* उपन्यासका बारेमा गरिएका टीका-टिप्पणी, लेख, रचना द्वितीय सामग्रीका रूपमा पुस्तकालयबाटै सङ्कलन गरी सूक्ष्म अध्ययन गरेर आवश्यकताअनुसार उपयोग गरिएको छ। कृति अध्ययन र विश्लेषण प्रक्रिया गुणात्मक प्रकृतिको हुने हुँदा निगमनात्मक तथा आगमनात्मक पद्धतिको प्रयोग गरेर समस्या समाधानका उपायहरूको खोजी गरी निष्कर्ष निकालिएको छ। यस लेखमा मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी मूल्य, मान्यता र अवधारणालाई मुख्य अध्ययन तथा विशेषण विधिका रूपमा प्रयोग गरिएको छ।

### उपन्यासमा वर्गपक्षधरतासम्बन्धी मार्क्सवादी सैद्धान्तिक आधार

जीवन र जगत्‌लाई नजिकैबाट नियाल्ने र स्पर्श गर्ने विधा उपन्यास हो। मार्क्सवादी उपन्यासमा सामाजिक जनजीवन र निम्नवर्गीय समस्या, दमन, शोषण, अन्याय र उत्पीडनलाई प्रथामिकता दिएर चित्रण गरी समाधानका उपायसमेत खोजी गरिएको हुन्छ। यसर्थ यस्ता उपन्यासमा उत्पीडित वर्गीय पक्षधरताका साथ निम्नवर्गीय जीवनशील, न्यायप्रेमी, सङ्घर्षशील पात्रलाई नायकत्व प्रदान गरी प्रतिनिधिमूलम पात्रहरूकै माध्यमबाट वर्गीय शोषण, दमन, विद्रोह, प्रतिरोध स्पष्ट पारेर उत्पीडित वर्गीय सचेतना विकासमा जोड दिइएको हुन्छ। वर्गीय समाजमा वर्गीय पक्षधरता उत्पादनका साधनमाथिको पहुँच हुने र नहुनेका बिचमा हुने अन्तर्विरोध तथा वैचारिक द्वन्द्वबाट सिर्जना हुन्छ  यसर्थ मार्क्सवादी साहित्य समाजको वर्गसंरचना तथा वर्गहितहरूको परिणाम स्वरूप उत्पन्न वर्गीय मनोविज्ञानजस्ता मध्यवर्ती सम्बन्धसूत्रमाथि निर्भर हुन्छन् (चापागाई, २०६७, पृ.६९)। वर्गीय समाजमा हुने वर्गद्वन्द्व कै कारण स्रष्टामा वर्गक्षधरता सचेत वा असचेत रूपमा प्रतिविम्बन भएको हुन्छ। फरक उद्देश्य र आवश्यकता भएका वर्गहरूका विचमा विचार नमिल्नु स्वाभाविक हो। विचार नमिलेपछि वैचारिक टकराब सुरुवात हुन्छ र त्यसैले वर्गद्वन्द्वको स्थिति सिर्जना गर्छ र त्यसले समाजका कला र कृतिलाई पनि प्रभावित बनाउँछ।

वर्गचेतना तथा वर्गद्वन्द्व मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी सौन्दर्य चिन्तनको केन्द्रीय अवधारणा हो। मानव समाजमा हुने द्वन्द्व निरन्तर प्रक्रिया हो र द्वन्द्वले नै मानवीय सभ्यतालाई आजको उचाइमा पुऱ्याएको मान्ने मार्क्सवादले मानव समाजको इतिहास नै वर्गद्वन्द्वको इतिहासमा मान्छ। हरेक समाजमा पक्षधरताकै कारण शासक र शासित, शोषक र शोषित, उत्पीडक र उत्पीडित, धनी र गरिब आदिजस्ता मुख्य दुई वर्गहरू रहेका हुन्छन्। वर्गविहीन अवस्था साम्यवादी समाजमा मात्र हुन्छ तर त्यस्तो स्थिति लामो समय टिक्न सक्दैन। विभेद सिर्जना हुनासाथ वर्ग जन्मिहाल्छन्। मार्क्सवादको मुख्य यात्रा तथा उद्देश्य समाजलाई साम्यवादसम्म पुऱ्याउनु हो (आफानासूयेभ, २०७८, पृ.२७)। समाजमा रहेका वर्गहरूका

बिचको अन्तरविरोध समाप्त भयो भने मात्र साम्यवादलाई टिकाउन सकिन्छ। त्यो साम्यवादसम्म पुग्नुभन्दा अगाडि समाजमा कयौँपटक वर्गसङ्घर्षहरू सक्रिय वा निष्क्रिय रूपमा, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चलिरहेका हुन्छन्। वर्गचेतना तथा वैचारिक सङ्घर्ष समाज र सामाजिक व्यवस्था सापेक्ष हुन्छ। समाजमा कस्ता प्रकृतिका उद्देश्य, स्वार्थ र आवश्यकता भएका वर्गहरू छन्, सोहीअनुसार वर्गद्वन्द्वले आफ्नो स्वरूप निर्धारण गर्दछ। दुई विपरीत स्वार्थ, उद्देश्य आवश्यकता भएका वर्गहरूका बिचमा टकरावको स्थिति सुरुवात हुनासाथ त्यसले सानो-ठूलो वैचारिक सङ्घर्षको पनि सुरुवात गर्दछ। वर्गहरूमा हुने अन्तर्विरोधी सङ्घर्षमा राज्य व्यवस्था नै प्रायः शक्तिशाली वर्गको पक्षमा लागि चर्को दमन हुन पनि सक्छ। समाजमा रहेका शोषक, सामन्तहरूकै शक्तिशाली वर्ग हुन्छ र त्यही वर्ग जहिले पनि राज्यसत्ताको नजिक हुन्छ। तिनीहरूकै सल्लाह र संयन्त्रहरूमा राज्यव्यवस्था टिकेको हुन्छ। त्यसैले शक्तिशाली वर्ग राज्य व्यवस्थासँग मिलेर समाजका आम गरिब, निमुखा, श्रमजीवी, सर्वहारा वर्गका नयाँ विचारमाथि चर्को दमन र शोषण गरी उनीहरूलाई मौन बस्न बाध्यता पारिरहन खोज्छन्। सत्तापक्षीय वर्गले पनि आफ्ना सबै संयन्त्रहरू प्रयोग गरी निम्नवर्गमाथि आफ्नो प्रभुत्व र नियन्त्रण कायम राख्छन्। आम गरिब, निमुखा, श्रमजीवी, सर्वहारा वर्गका विद्रोहहरूलाई दमन गरी न्याय पाउनमा बाधा सिर्जना गर्दछन्। जतिजति चर्को दमन र शोषण बढ्दै जान्छ, त्यति नै बढी आम निमुखा श्रमजीवी सर्वहारा जनता आक्रोशित हुँदै जान्छन्। गर या मरको स्थितिमा पुगेपछि शोषक, सामन्त, शासकहरूका शोषण, दमनका विरुद्धमा प्रतिरोधमा आउँछन्। वर्गीय ध्रुवमा संलग्न जनता र जनयुद्ध समसामयिक आख्यानमा प्रतिविम्बन हुने हुँदा तिनै कुरा पात्रका माध्यमबाट सृष्टाले वर्गीय सचेतनालाई अत्याधिक प्रखर, प्रभावी बनाएर घनीभूत ढङ्गले अभिव्यक्त गरेका हुन्छन् (चैतन्य, २०६४, पृ. २४ देखि २५)। श्रमको उचित ज्याला नपाउनु, उत्पादनका स्रोत र साधनमाथि श्रमजीवी वर्गको पहुँच नहुनु, जति उत्पादन गरे पनि नाफा पुँजीपति सामन्त वर्गको हातमा पुग्नुजस्ता अत्याचारले आम श्रमजीवी, सर्वहारा वर्गले विद्रोही तथा प्रतिरोधी आवाज उठाउन बाध्य बनेका सत्यतथ्य घटनाहरू प्रगतिवादी तथा जनवादी साहित्यमा उद्घाटन गरी उनीहरूको वैचारिक चेत सवल बनाउने प्रयास गरिएको हुन्छ।

कुनै पनि वस्तुको उत्पादन गर्दा शोषक र शासित दुवै वर्ग संलग्न हुन्छन्। शोषक वर्ग शक्तिशाली हुन्छ र सधै शक्तिहीन वर्गमाथि दमन र शोषण गर्छ (अर्याल, २०६८, पृ.६३)। शोषक वर्गले फुटाऊ र राज गरको नीति लिएर जसले शोषको विरोध गर्छ, उसैलाई बढी दमन गर्ने वा कामबाटै निकालिदिने गर्न सक्छन्। एक्लै विद्रोह गर्दा कुनै व्यक्ति शोषक वर्गको चर्को दमनमा परी जीवनकै क्षति हुने स्थिति पनि सिर्जना हुन्छ। यसबाट श्रमजीवी, सर्वहारा वर्गमा वर्गीय चेतना, वर्गीय प्रेम तथा विपरीत वर्गप्रति घृणा भाव सिर्जना हुन्छ। यसबाट शिक्षा लिई प्रगतिवादी साहित्यमा वर्गीय चेतना र पक्षधरतालाई सबल रूपमा प्रस्तुत गरिएको हुन्छ। पटकपटकको दमनका अनुभवले निम्नवर्गमा पनि साङ्गठानिक रूपमा विद्रोह र प्रतिरोध गर्नुपर्छ भन्ने चेतनाको विकास हुन्छ। उनीहरूले आफूमाथि थोपरिएको शोषण, दमन तथा अत्याचार बुझ्दै जान्छन् र तीव्र आक्रोश उत्पन्न भएपछि सशक्त जनक्रान्ति गर्ने सहास गर्दछन्। यसरी सुरुवात भएको विचारद्वारा निर्देशित, वर्गीय पक्षधरता सहितको वर्गद्वन्द्वलाई नै जनयुद्ध भनिन्छ। यस्तो वर्गद्वन्द्वले पुँजीपति तथा सामन्त वर्गका हितमा रहेका परम्परित संयन्त्रहरू, मूल्य, मान्यता र आदर्शहरू भत्काएर समतामूलक तथा न्यायमूलक हक, अधिकार स्थापित हुने नवीन मूल्य, मान्यताहरू निर्माण गर्ने उद्देश्य राखेको हुन्छ। यही कारण आफ्नो सेवा, सुविधा खोसिने डरले पुँजीपति, शोषक शासक तथा सामन्त वर्ग निम्न वर्गमाथि चर्को दमनमा उत्रन्छन्। शोषण, दमनबाट मुक्तिका लागि सङ्घर्षशील जनता र त्यससित सम्बद्ध रचनाशीलताको प्रगतिमा सहायक हुने विचारलाई र त्यस्तो विचारलाई सहयोग गर्ने कृतिलाई मात्र मार्क्सवादी समालोचनाले सान्दर्भिक र लाभदायी ठान्दछ (चापागाई, २०६७, पृ. ७१)। यही नै मार्क्सवादी समालोचनाको मुख्य मापदण्ड रहेको हुँदा यस्तो समालोचनामा साहित्यले सर्वहारा वर्गको उन्नति र सचेतना बिस्तारमा सहायक भूमिका खेल्ने वा नखेल्ने कुरा पनि अध्ययन गरिन्छ।

मार्क्सवादका अनुसार वर्गद्वन्द्वका कारण नै पुराना र खराब नीति, नियम, पद्धति र मान्यताहरू भत्कन्छन् अनि नयाँ

मूल्य, मान्यता, नीति, नियमहरू स्थापित हुँदै जान्छन् । त्यसैले वर्गसङ्घर्षको इतिहास नै मानव सभ्यता विकासको कडी मानिएको हो । शोषक, साहुहरूले कम ज्यालामा अधिकतम काम लगाउन खोज्दा सर्वहारा वर्गलाई बिहान बेलुकाको गाँस जुटाउन पनि समस्या हुन्छ अनि चर्को शोषणका विरुद्धमा जनस्तरबाटै विद्रोहको सुरुवात हुन्छ । आम गरिबी र अभावमा बाँचेका निम्नवर्गीय जनतामा समान, हक, अधिकार र स्वतन्त्रताको खोजी आफैँ गर्नुपर्ने चेतनाको विकास भएपछि वर्गसङ्घर्षको सुरुवात गरेका हुन्छन् । मार्क्सवादका अनुसार यसलाई अग्रगमनका लागि जनस्तरबाट भएको क्रान्ति पनि भनिन्छ । क्रान्तिकारीहरूको विकास त्यस विपरीत ध्रुवमा रहेका हरेक अवसरवादीहरूको विरुद्धको सङ्घर्षका विचबाट नै हुन्छ (वैद्य, २०६८, पृ. २४९) । समाजमा शोषक तथा सामन्त वर्गले निम्न वर्गीय श्रमजीवी तथा सर्वहारा वर्गलाई आफ्नो नियन्त्रणमा राखेर सधै अन्याय, शोषण, दमन गरी रहने संयन्त्रहरू निर्माणमा सहयोग गरेका हुन्छन् । यस्ता समाज विरोधी चरित्रहरू समानता तथा सामाजिक न्याय विरोधी चरित्रहरूका विरुद्धमा प्रतिरोधी आवाज उठाउनु तथा प्रतिरोधी क्रान्ति गर्नुपर्ने चेतना विकास प्रगतिवादी साहित्यले गर्नुपर्छ । तसर्थ प्रगतिवादी मार्क्सवादी साहित्यमा सबै खालका उत्पीडन तथा विभेदहरूबाट मुक्ति पाउनका लागि न्यायप्रेमी तथा सङ्घर्षशील पात्रको प्रयोग गरिएको हुन्छ । साहित्यलाई शोषित, उत्पीडित जनताहरूले सङ्गठित भएर योजनाबद्ध रूपमा समाजका विकृति, विसङ्गति तथा बेथितिहरूप्रति बिद्रोह गर्नु पर्ने स्थिति सिर्जना गरी चरम वर्गसङ्घर्षको इतिहाससँग जोडिएको हुन्छ । वर्गद्वन्द्वको परिणामस्वरूप खराब चरित्र, मूल्य, मान्यता, नीति, नियम सबैको अन्त्य गरी नयाँ मूल्य, मान्यता, नीति, नियमहरू स्थापित गरिएको हुन्छ । यसले समाजलाई अग्रगमनतर्फ लैजान्छ । यसै सन्दर्भमा लेलिनका विचारमा राजकीय संयन्त्र चकनाचुर पार्नु मजदुर र किसानहरूको हितानुकूल हुन्छ, परजीवीहरूलाई हटाएर नयाँ कुरा स्थापित गर्ने कार्यभार उनीहरूमा छ (लेनिन, २०६३, पृ. ३९) । वर्गसङ्घर्षको लडाईंमा शोषण, उत्पीडनमा परेका किसान र श्रमजीवी वर्ग नै अगाडि हुन्छन् । सामाजिक रूपान्तरणमा वर्गीय चेतना र वर्गसङ्घर्षको निकै महत्त्व हुन्छ । प्रगतिवादी आख्यानमा रुढिवादी, अन्धविश्वासी, तथ्यहीन कुराहरू नमान्ने पात्रहरूको प्रयोग गरी सबै प्रकारका विभेदको विरोध गरिएको हुन्छ । सचेत पात्रहरूले सामाजिक, सांस्कृतिक रूपान्तरणको खोजीमा सङ्घर्ष गरिरहेका हुन्छन् । समतामूलक तथा न्यायमूलक समाज निर्माणमा क्रान्तिकारी पात्रहरूको प्रयोग गरिएको हुन्छ । वर्गचेतना प्रतिबिम्बन भएको साहित्यमा वर्गीय हित र उद्देश्यलाई सर्वोपरी बनाइएको हुन्छ । सचेत रूपमा रचना गरिएका कला, साहित्यले निश्चित वर्गको सेवा गरिरहेका हुन्छन् । प्रगतिवादी आख्यानका चरित्रले निश्चित वर्गको प्रतिनिधित्व गरेका हुन्छन् र उत्पीडित वर्गीय पक्षधरता हुन्छ । यही करण प्रगतिवादी साहित्यमा मुख्य पात्रहरू शोषित, उत्पीडित वर्गबाट चयन गरिएका हुन्छन् । यी पात्रहरूले सामाजिक विभेद र बेथितिको अन्त्य गरी समतामूलक समाज निर्माणका लागि सङ्घर्ष गरिरहेका हुन्छन् । *मोक्ष* उपन्यासमा पनि यस्तै प्रवृतिका पात्रहरू प्रयोग गरिएको हँदा यही अवधारणाअनुसार उपन्यासका पुरुष पात्रहरूमा रहेका वर्गचेतना र वर्गद्वन्द्व निर्माण गरेको वर्गपक्षधरता मात्र अध्ययन यस लेखमा गरिएको छ । अन्य दृष्टिकोण्बाट अध्ययन गरिएको छैन, यही नै यस लेखको सीमा पनि हो ।

**'मोक्ष' उपन्यासमा वर्गपक्षधरता अध्ययन**

*मोक्ष* शीर्षकको यस उपन्यासले २०५२ सालदेखि २०६२ सालसम्मको जनयुद्धकालीन समयका वर्गद्वन्द्वलाई समेटेको छ । वर्गीय स्वार्थ र उद्देश्य बोकेर, वर्गीय समस्या, आवश्यकताहरू पूरा गर्ने हेतुले बुझेर वा नबुझेर नेकपा-माओवादी पार्टीले सुरुवात गरेको जनयुद्धमा लामबद्ध भएका नेपालीहरूका प्रतिनिधि पात्रहरू यस उपन्यासमा प्रयोग गरिएका छन् । यस उपन्यासको मुख्य पात्र आदित्य आख्यानकारको मुखपात्र पनि रहेको देखिन्छ । ऊ तत्कालीन अवस्थामा राज्यपक्षबाट हुन सक्ने सम्भावित खतराबाट पनि बच्न खोज्ने तथा जनयुद्धबाट पर्न सक्ने समस्याबाट पनि बच्न खोज्ने पात्रका रूपमा उपन्यासमा उपस्थित भएको छ् । उसले नै उपन्यासमा उपयोग गरिएका अन्य पात्रहरू र घटनाका बारेमा प्रत्यक्ष देखेर जसरी

वा पात्रसँगै आफू पनि सहभागी भए जसरी वर्णन गरेको छ। ऊ उपन्यासमा अन्य पात्रहरूको परिचय दिने, उनीहरूले देखेका, भोगेका र अनुभूति गरेका कुराहरू आफैले देखेको, भोगेको जसरी वर्णन गर्ने तथा आख्यानकारका जीवन दर्शनसमेत प्रस्तुत गर्ने, उपन्यासको सुरुदेखि अन्त्यसम्म रहेको पात्र हो । यस उपन्यासमा अन्य थुप्रै पात्रहरू प्रयोग गरिएका छन् । यस लेखमा तिनै पात्रहरूमार्फत वर्गीय तथा वैचारिक पक्षधरता अध्ययन तल गरिएको छ।

**उपन्यासमा वर्गीय चेतनाले निर्माण गरेको वैचारिक पक्षधरता**

*मोक्ष* उपन्यास विचारप्रधान उपन्यास हो । यस उपन्यासमा उत्पीडित वर्गीय सचेतनालाई विकासलाई प्राथमिकता दिइएको छ। बहुल पात्रहरू प्रयोग गरिएको यस उपन्यासमा उत्पीडित वर्गीय उत्थानमा आबद्ध भएका पात्रहरूका सङ्घर्षशील जीवन भोगाइसँग सम्बन्धित विद्रोही तथा प्रगतिशील विचारहरूलाई प्राथमिकताका साथ वर्णन गरिएको छ । प्रगतिवादी उपन्यासमा पात्रका माध्यमबाट मार्क्सवादी उन्नत विचारहरूलाई प्राथमिकता दिएर पाठकको संसारलाई बुझ्ने र बदल्ने सचेतना (अर्याल, २०६८, पृ. ८३) थपिदिने उद्देश्य राखिएको हुन्छ । यस उपन्यासमा प्रमुख पात्र आदित्यका वैचारिक चिन्तन, सङ्घर्षशील जीवनदर्शन तथा अनुभूतिलाई विशेष स्थान दिइएको छ। अन्य पत्रहरू शारदा, इच्छा, आदित्यका बा-आमा, आदित्यको साथी देव, सलिना, आविष्कार वि.क., अम्बिका, आनन्द, विद्रोह, आकृति आदि पात्रहरूका सङ्घर्षशील जीवनदर्शन र भोगाइका अनुभूतिले खरिएका विद्रोही भावना तथा वैचारिक सङ्घर्षपूर्ण चिन्तन प्रायः आदित्यमार्फत नै प्रस्तुत गरिएको छ। उपन्यासमा गौण पात्रका रूपमा खुशीराम पाखिन, कृष्णसेन इच्छुक, कर्णेल, सिपाइहरू, विक्रम पाण्डे, एफ.एम.को गेटपाले आदि पात्रहरूका बारेमा आवश्यकताअनुसार आदित्यले नै टिप्पणी गरेको छ र आवश्यकताअनुसार आख्यानमा आउँदै, हराउँदै गएका छन् । यस उपन्यासमा आदित्य राज्यसत्ताले गरेका अन्याय, शोषण, दमन र माओवादी जनयुद्धमा भएका कमजोरीहरूका प्रत्यक्षदर्शी भएर पनि निष्पक्ष र स्वतन्त्र बन्न खोजेको देखिन्छ। यो पनि एक किसिमको सबै वर्ग र शक्तिसँग साखुल्ले बन्न खोज्ने रणनीति तथा वैचारिक द्वन्द्व नै जस्तो देखिन्छ। लेलिनका अनुसार मौन बस्न खोज्ने पात्रले पुँजीवादी, सामन्ती राज्य व्यवस्थालाई नै पक्षपोषण गरेको हुन्छ भन्ने कुरो आदित्यमाथि लागु हुन्छ। उसको विचार उपन्यासमा यसरी आएको छ :

> "नचाहेर पनि युद्धमा मुछिदै गयो हाम्रो परिवार । माओवादी पनि चाहन्थ्यो यस्तै । कुनै न कुनै रूपमा प्रयोग गर्ने एउटा सदस्य र अशान्त बनाउने पुरै परिवार । ढुङ्गा हान्थ्यो शान्त तलाउमा र तरङ्गित बनाउँथ्यो वातावरण । प्रत्येक ठाउँ अस्तव्यस्त बनाउने रणनीति थियो उसको ।" (मोक्ष, २०७८, पृ. १२३)

लेनिनका अनुसार सत्ताको अधीनमा रहेर निम्न वर्गीय उत्पीडन र स्वतन्त्रताको सपना देख्नु बकबास मात्र हो (लेनिन, २०६३, पृ. ८२) । यस उपन्यासको मुख्य पात्र आदित्यले आफू स्वतन्त्र रहेर अन्य पात्रका जीवनमा घटेका सबै घटना र सङ्घर्षहरू देखे जसरी वर्णन गरेको छ। कतै उसको झुकाव जनयुद्धतिर देखिन्छ भने कतै उसको झुकाव सामन्ती राज्यसत्ताका संयन्त्रतिर पनि रहेको देखिन्छ। उसलाई विद्रोहभन्दा मुर्दा शान्ति मनपर्ने कुरा यसले स्पष्ट पारेको छ। उसका बा भने माओवादी जनयुद्धको सहयोगी भूमिकामा रहेको देखिन्छ । यही कारण भूमिगत भएका तथा कारागारको सजाय भोगेका छन् । कार्यालय बाका नामबाट चिनिने आदित्यका बा वर्गीय चेतना तथा वैचारिक प्रतिबद्धता भएका पात्र हुन् । उनी र शारदाकै सक्रियतामा चितवनमा पनि युवावर्ग माओवादी जनयुद्धमा आबद्ध भएको देखिन्छ् । शारदाको वर्गचेतना उपन्यासमा आएको कथ्यांश "सांस्कृतिक फाँटमा विचारको पाठ पढाउँथिन् शारदा। युवाहरूको कलिलो मस्तिष्कमा विचार भरेर बनाउँथिन् पूर्णकालीन छापामार" (पृ. २७) ले प्रस्ट पारेको छ। आदित्यका बा र शारदा मिलेर घरलाई कार्यालयजस्तो बनाएर जनयुद्धमा सहभागी हुने विचारले प्रशिक्षण लिन आएकाहरूलाई वर्गीय प्रेमले सुम्सुम्याउँदै समग्र सामाजिक विभेद र सामन्ती राज्यसत्ताका विभेदकारी नीति, उत्पीडनका प्रकृतिहरू सबै बुझाएर त्यसका विरुद्ध सङ्घर्ष गर्ने साहस र हिम्मत भरेर

पठाउने गरेको देखिन्छ । छापामारहरूलाई प्रशिक्षित गरी सचेत बनाउने क्रममा कार्यालय बाका वर्गीय चेतयुक्त अभिव्यक्तिहरू उपन्यासमा यसरी प्रस्तुत गरिएको छ ः

> "आफ्नै चेतनाले हेर्नुहोस, आफू हिँड्ने बाटो । कहीँ पुगिँदैन अरूको सपना र विचारमा बगेर । युद्धमा हिँड्ने हो भने आफ्नै सपना बनाउनुहोस् युद्धलाई । यो युद्ध कठिन बाटो हो जीवनको । ब्यूँझाउनुहोस् दुनियाँलाई गहिरो निद्राबाट । र, त्यसका लागि ब्यूँझनुहोस् पहिले आफैं ।" (पृ. ६४)

उपन्यासमा जनयुद्धमा लामबद्ध हुन आएका युवा वर्गहरूलाई सधैँ सम्मानजनक भाषाको प्रयोग गर्ने तथा सधैँ वर्गीय विचार र पक्षधरताप्रति सचेत बनाउने प्रतिनिधि पात्र शारदा र कार्यालय बा रहेको देखिन्छ । उनीहरू शोषक, सामन्त तथा नोकरशाही राज्यव्यवस्थाका अन्याय, अत्याचार, शोषण, दमन र विभेदका विरुद्धमा आम नेपाली युवावर्ग लामबद्ध भएको देख्दा निकै हर्षित हुने वर्गीय प्रेम र सद्भाव रहेका पात्र हुन् । आदित्यका बाबाहेक उनका घरमा अरू सदस्यले जनयुद्धलाई वर्गीय प्रेमका आँखाले हेरे पनि वर्गीय पक्षधरता कमजोर रहेको देखिन्छ । घरमा आउने छापामारहरूलाई सहयोग गर्ने कामचाहिँ चुपचाप गरेका छन् । यस उपन्यासमा सुरुदेखि अन्त्यसम्म वर्णनमा आएको अर्को महत्त्वपूर्ण पात्र आविष्कार हो । आविष्कार शदियौँदेखिको गरिबी, अभाव, दमन, शोषण र उत्पीडनबाट मुक्तिको खोजी गर्दै स्कुलको बाटो मोडेर छापामार बन्न आउने, माओवादी जनयुद्धलाई नै प्रेम गर्दै आफ्नो जीवनको महत्त्वपूर्ण समय समर्पण गरेर युद्ध लड्ने सम्पूर्ण छापामारहरूको प्रतिनिधि पात्र हो । ऊ वर्गीय तथा जातीय दलनको उत्पीडनबाट मुक्तिको खोजी गर्दै विद्रोही अभियानमा सहभागी भएको देखिन्छ । ऊ जनविद्रोह तथा क्रान्तिबाट समग्र अन्याय, विभेदरहित समतामूलक तथा न्यायमूलक समाज निर्माण गर्न सकिने आशामा जनयुद्धमा सहभागी भएको देखिन्छ । उसले पार्टीभित्र पनि आफ्नो आत्मसम्मानपूर्ण परिचय र अस्तित्वको खोजी गर्दै नेतृत्वलाई दवाव दिएको देखिन्छ । उसका यस्तै वैचारिक प्रतिरोधी अभिव्यक्तिहरू उपन्यासमा यसरी प्रस्तुत गरिएको छ ः

> "हामी रहरले आएका होइन युद्धमा । यथार्थमा आत्मसम्मानको महसुस गर्न पाएका छैनौँ । आफ्नै पार्टीभित्र पनि आत्मसम्मानकै लडाईंमा हो हाम्रो पहिलो लडाईं । मुक्ति चाहन्छौँ, अनेक खालका विभेदबाट । सदियौँदेखि किन कदर हुँदैन हाम्रो पसिनाको ? किन सम्मान हुँदैन हाम्रो कला र सिर्जनाको ।"
>
> "नेतृत्वको जवाफ आयो, यो अन्तिम लडाईं हो आत्मसम्मानको । मुक्ति र समानताको । ढुक्क हुनुहोस् योद्धा कमरेडहरू सूक्ष्म रूपमा अध्ययन हुन्छ, हाम्रा कमी-कमजोरीको । महसुस हुने खालकै समानता र आत्मसम्मान भेट्नुहुन्छ पार्टीभित्र र बाहिर पनि ।" (पृ. १६)

कलिलो उमेरमा नै जनयुद्धमा लामबद्ध भई हतियार समातेको आविष्कारमा वर्गीय चेतना, वर्गीय पक्षधरता तथा सशक्त प्रतिरोधी चेतना रहेको कुरा माथिको कथ्यांशले स्पष्ट पारेको छ । आविष्कार वर्गीय, जातीय विभेदका साथै शदियौँदेखिको दलनमा परेर उत्पीडित बनेका सर्म्पूण दलितहरूको मुक्ति खोज्ने प्रतिनिधि पात्र हो । शोषणमुखि नेपाली समाजमा सामजिक रूपमा जातीय, वर्गीय दलनमा पारिएका कारण खोतल्दै, मुक्तिको खोजी गर्दै आविष्कार जनमुक्ति सेनामा आबद्ध हुन पुगेको देखिन्छ । गरिबी र अभावमा बाँचेका आविष्कारजस्ता योद्धाहरू मुक्ति मोर्चामा लाग्दा पनि दलित भएकै कारण पार्टीभित्र वा बाहिर विभेद खेप्नुपरेका पीडाले यहाँ वैचारिकद्वन्द्व भएको देखिन्छ । पार्टीमा नेतृत्व तहमा रहेकाहरूसँग आफूमाथि हुने गरेका विभेदहरूबारे प्रश्न गर्न सक्ने क्षमता भएको आविष्कारले दलनबाट मुक्तिको बाटो जनयुद्ध ठानेर आशा र विश्वासका साथ जनयुद्ध नै प्रेम र प्रेम नै जनयुद्ध बनाएर लामो युद्धमा आफूलाई समर्पण गरेको देखिन्छ । आविष्कारले जनयुद्धको मोर्चामा रहँदा गरेका वैचारिक सङ्घर्षलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ ः

> "... यही रेडियोमा काम गर्दा फस्यो अनेक उल्झनमा । डोकोमा हालेर डाडाँडाँडै बोकी हिँड्नुपर्ने रेडियोका सामानहरू । कम जोखिमपूर्ण थिएन यात्रा । रेडियो, एन्टिना र अन्य सामानहरू फिट गर्दा कम थिएन दुश्मनबाट

हुने खतरा, डाँडाको खौँजमा छाप्रो बनाएर तयार हुन्थ्यो रेडियो स्टेसन ... ।" (पृ. १०४)

उपन्यासमा आएको माथिको कथ्यांशले आविष्कारले जनमुक्ति सेनाकै पहलमा सञ्चालित पहिलो रेडियो सञ्चालन गर्दाका समस्या र अनुभूतिलाई स्पष्ट पारेको छ । रेडियो सञ्चालनको समेत जिम्मा लिएको आविष्कार कलम र हतियार दुवै समाएर सशक्त क्रान्तिकारी विचारबाट निर्देशित भएर जनयुद्ध लड्ने पात्र हो । आविष्कारले जनयुद्धकालमा आफूले भ्याएसम्म र जानेसम्म वर्गशत्रु, सत्ताबाट बचेर माओवादीहरूले सुरुवात गरेको सर्वहारा वर्गीय युद्धलाई सहयोग र सेवा गरेको देखिन्छ । सबै प्रकारका विभेद र दलनबाट मुक्ति पाउनु विभेदकारी तथा शोषणमुखी व्यवस्थालाई ध्वस्त बनाउनुपर्छ भन्ने सचेत वर्गीय चेतना तथा पक्षाधरता रहेको आविष्कार सबै प्रकारका विभेद र दलनको अन्त्य नभएसम्म मुक्ति असम्भव छ बन्ने बुझेरै जनयुद्धमा लागेको देखिन्छ । निरन्तर जितको महसुस गरिरहेका बेलामा एक्कासि जनयुद्ध रोकिएर क्यान्टोनमेन्टमा कैद हुँदा आविष्कारजस्ता योद्धाहरूमा नेतृत्वप्रतिकै आक्रोश, अनमिनका गतिविधि विरुद्धमा आएका विद्रोही तथा नमिठा अनुभूति उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> "दूषित हुन्छ बगिरहेको नदी रोकिएपछि, विचार मर्छ युद्धमा आराम गर्ने योद्धाको । तलब र भत्ता दिएर योद्धाहरूको विचार मार्दै लगियो क्यान्टोनमेन्टमा । सुविधाभोगी नेतृत्वको स्वाद बिग्रियो जीब्रोको र विचार पनि । ऊर्जा सकियो छापामारलाई क्यान्टोनमेन्टमा हालेपछि र विचार सकियो अनमिनको तलब थापेपछि ।" (पृ. २१)

उपन्यासमा आएको माथिको कथ्यांशले आविष्कारजस्ता योद्धाहरूमा रहेका क्रान्तिकारी सचेतना र वैचारिक पक्षधरतालाई स्पष्ट पारेको छ । अनमिनलाई उपयोग गरी सम्झौतामा जनयुद्ध रोकेर विद्रोही छापामारहरूको गतिमा अवरोध गर्ने नेतृत्व र सामन्तवादी तथा यथास्थितिवादी सबै मिली क्रान्तिकारीहरूका विचार मारेर भुत्ते हतियार बनाएको तर्क गर्दै यहाँ आविष्कारले आक्रोश पोखेको छ । यस्तो हुनु लुकासका अनुसार वर्गसमाजको श्रमविभाजन, शारीरिक श्रमबाट मानसिक श्रमको पृथकीकरण, मनुष्यद्वारा मनुष्यको शोषण र दमन, पुँजीवादी उत्पादनको विशेषीकरण यी सबै भौतिक र आर्थिक प्रक्रियाहरू हुन् (लुकाच, २०६७, पृ. ३७) । यसर्थ सत्तासम्पन्न वर्गले आफ्नो प्रभुता कायम राख्न अनमिनलाई सहजीकरणमा उपयोग गरेको देखिन्छ । तर जनयुद्धले सोचेजस्तो समाजको आमूल परिवर्तन गर्न नसक्नु पनि यसका कमजोरी हुन् । शान्ति प्रक्रियामा गएपछि पार्टीका नेताहरू विस्तारै भोगविलासमुखी हुँदै गए । पार्टीभित्र बेथितिहरू विस्तार भयो । उपन्यासमा पार्टीले सक्रिय क्रान्तिकारी जनयुद्धलाई निरन्तरता दिन नसकेका कारण आविष्कारजस्ता युवा योद्धाहरू पार्टी, पद्धतिप्रति नै रुष्ट बनेको देखिन्छ । उपन्यासमा आविष्कारजस्ता योद्धाहरूमा युद्ध विरामले पार्टीका गतिविधिप्रति नै वितृष्णा पैदा गराएको देखिन्छ । पार्टीप्रति प्रतिबद्ध, वर्गीय चेतना, प्रेम र उत्पीडित वर्गीय समस्या र विचारबाट निर्देशित हुँदै लामो युद्ध लडेको पात्र आविष्कारले शान्तिप्रक्रियामा आएपछि झुण्डिएर कायरतापूर्ण तरिकाबाट आत्महत्या गर्नुभन्दा विद्रोही अभियानमा नै लाग्नु उपयुक्त हुन्थ्यो । यसले विद्रोहीमा निराशा थपेको देखिन्छ । विद्रोह गरेर के पाएँ त ? भन्ने प्रश्न उठाउँदै विद्राही हुनु ठीक होइन भन्नु प्रगतिवादी साहित्यको उद्देश्य विपरीत आएको छ ।

युद्ध रोकिनु, अयोग्य ठहरिनु ऊजस्ता लागि घातक बनेको देखिन्छ । लामो युद्ध लडे पनि आफू फेरि उही किनारामा धकलिएको महसुस गरेको आविष्कारले अन्त्यमा आत्महत्या गर्नु विडम्बनापूर्ण देखिन्छ । यस्ता कुरामा पार्टी पद्धति सचेत नभएको देखिन्छ । यो एक प्रकारको जनयुद्धले जनयोद्धामाथि पारेको अभिघातात्मक स्थिति पनि हो । लामो युद्ध लडेको भौतिकवादी मान्छे यति धेरै निराशामा धकलिनुमा आख्यानकारको मनोविज्ञानले पनि काम गरेको देखिन्छ । बहुल पात्रीय नायकत्व रहेको यस उपन्यासको अन्त्यमा सांस्कृतिक रूपान्तरणमा सक्रिय शारदा मारिनु, इच्छाले आनी बन्ने बाटो समाउनु, आविष्कार मर्नुजस्ता घटनाहरू वर्णनले उत्पीडित वर्गीय पक्षधरता कमजोर बनेको देखिन्छ । यही यस उपन्यासको कमजोरी रहेको देखिन्छ ।

**उपन्यासमा वर्गीय प्रतिरोधी चेतनाले निर्माण गरेको वर्गीय पक्षधरता**

सचेत रूपमा लिइएको वर्गपक्षधरताले नै वर्गीय प्रतिरोध तथा वैचारिकद्वन्द्वको सुरुवात गर्छ । *मोक्ष* उपन्यासका पात्रहरूमध्ये सुरुदेखि अन्त्यसम्म रहेका, सबै पात्रहरूका बारेमा थप जानकारी दिने, टिप्पणी गर्ने पात्र आदित्य रहेको देखिन्छ। उसकै निम्न वर्गीय पक्षधरता तथा वर्गीय प्रतिरोधी चेतना कमजोर रहेको देखिन्छ। यस उपन्यासका अन्य पात्रहरूमा शारदा, सलिना, कार्यालय बा, अम्बिका, तारा कुमाल, देवमा सशक्त क्रान्तिकारी विद्रोही चेतना तथा वर्गीय प्रतिरोधी चेतना सबल रहेको देखिन्छ। इच्छा र आविष्कारमा जनयुद्धमा सहभागी हुँदा रहेको सशक्त प्रतिरोधी, क्रान्तिकारी तथा विद्रोही चेतना क्रान्ति सम्झौतमा विसर्जन भएपछि वितृष्णमा रूपान्तरण भएको देखिन्छ। उपन्यसको समाख्याता आदित्यमा आफ्नै बामा जुन किसिमको वर्गीय प्रेम, वर्गीय पक्षधरता, वैचारिक प्रतिबद्धता देखिन्छ, त्यस्तै लक्षण पाइँदैन । आदित्यमा देखिएका आमाको मुहार उज्यालो देख्ने चाहना राख्नु तथा बालाई जेल लगेपछि घर अँध्यारो भएको महसुस गरी उत्पीडित हुनु, विद्रोहपूर्ण सङ्घर्ष र क्रान्तिकरी अभिव्यक्तिबाट पलायन हुन खोज्नुजस्ता विशेषताहरूले सामान्य मानवीय मानोविज्ञान मात्र नभई निजी स्वार्थ र सुरक्षाका चिन्ताभन्दा माथि उठ्न नसकेको देखाउँछ। उसका यस्तै चिन्तन उपन्यासमा "... अनायसै सोचाइ आउँथ्यो कहिलेकाहीँ सम्झन्थेँ कति होलान् नचाहेरै पनि हामीजस्तै युद्धमा जेलिँदै गएका परिवार" (पृ. ५८) भनिएको छ। यसरी नै उपन्यासमा आदित्यको अवस्थालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> "... क्रमशः विकर्षित भएँ म राजनीतिबाट । तत्कालीन माओवादीको प्रयोग असफल भयो ममाथि । बालाई चलाएर घर अशान्त भएपछि म युद्धमा होमियोस् भन्ने चाहन्थे उनीहरू। युद्धसँग घृणा थियो मलाई । मारिएका हजारौँ मान्छेहरूको समाचारले स्तब्ध थिएँ म। विचारमा बिमति राख्नेहरू मारिएका थिए सुराकीको आरोपमा। भयावह र घिनलाग्दो थियो वातावरण। अझ डरलाग्दो हुँदैगयो प्रतिशोधको राजनीति । गृहयुद्धको सङ्केत देख्न थाल्यो मेरो सानो मस्तिष्कले। घरघरबाट मान्छे लगियो युद्धमा ।" (पृ. १८७)

उपन्यामा दृष्टान्तविहीन रूपमा आएको माथिको कथांशले आदित्यको ढुलमुले मनस्थिति, नीति र कमजोर वर्गीय पक्षधरतालाई स्पस्ट पारेको छ। जनयुद्धका समयमा माओवादीका नयाँ विचारलाई राज्यसंयन्त्र नै लागेर दमन गरेको स्थितिमा सचेत विद्रोहमा लागेका सदस्य कार्यालय बाका परिवारका सदस्य तथा एक सचेत सञ्चारकर्मी, पत्रकार बनेका व्यक्ति उत्पीडित वर्गीय विद्रोह र विचारमा बिमति राख्ने तथा बिमति राख्नेहरूलाई सुराकी भनी मारे भन्नुले 'आदित्य' कुन कित्तामा उभिन खोजेको पात्र हो भन्ने प्रश्नचिन्ह खडा गर्छ। उपन्यासमा आख्यानकारका समरूप पात्रका रूपमा आएको आदित्यले तटस्थ बस्न खोजे तापनि तटस्थ हुन नसकी कतै निराशावादी चिन्तन, कतै जनयुद्धतिर त कतै जनयुद्धका विरोधीतिर झुकाव राखी नजानीदोसँग राष्ट्रिय सत्ताकै फेरो समातेर विभेदकारी तथा शोषणमुखी सत्तासंयन्त्रको पक्षपोषण गरेका कुरा यसले स्पष्ट पारेको छ । वस्तुगत परिस्थितिको अभावमा बिलौन गर्नेहरू र आत्मगत तयारीलाई जानाजान उपेक्षा गर्नेहरू कि त परिवर्तनको प्रक्रिया नबुझेका वा एकदमै धोकेवाज हुन्छन् (पाण्डेय, २०६७, पृ. १४९) । यस उपन्यासमा आदित्यको यस्तै चरित्र देखिन्छ। लामो जनयुद्ध लडेका योद्धाहरूले पनि अन्त्यमा निराशावादी बाटो समात्नुमा उसको त्यही ढुलमुले प्रवृत्तिले काम गरेको देखिन्छ। स्वयम् उसका बा जनयुद्धप्रति बफादार, धैर्य र साहसका प्रतिमूर्ति रहे तापनि उपन्यासमा उसको उत्पीडनका विरुद्धमा सकारात्मक आवाज र प्रतिरोध भेटिँदैन । उसका बा वर्गीय उत्थान, वैचारिक पक्षधरता तथा वर्गसङ्घर्षप्रति प्रतिबद्ध रहेको उसलाई मन नपरेका कुरा उपन्यासमा आदित्यमार्फत नै यसरी आएको छ :

> "बाबा भन्नुहुन्थ्यो, ठुलो कुरा हो क्रान्ति । ठुलो लडाइँमा छन् उनीहरू। साना कुरामा अल्मलिएर सम्भव छैन मुक्ति । यही ठूलो कुराको खोजीमा गिरफ्तार पर्नुभो, बा। अरू हजारौँलाई जस्तै बेपत्ता बनायो बालाई पनि। त्यसपछि पुगेका हौँ हामी दुःखको गहिरो नदीमा ।" (पृ. २५)

उपन्यासमा आएको प्रस्तुत कथांशले विभेदकारी तथा शोषणमुखी राज्यव्यवस्थाका विरुद्धमा आफ्नो बाजस्तै

जनताले सशक्त क्रान्तिलाई समर्थन गरेका कुरा आदित्यलाई मन नपरेको तथा सानो मान्छे भएर ठूलो कुराको खोजी गर्दा अरू विद्रोही जस्तै बा पनि मुर्ख नै रहेका कारण गिरफ्तारमा पर्नुभएको, बेपत्ता बनाइएको अनि परिवारजनलाई पीडा थपिएको अनुभूति आदित्यले गरेको कुरा उद्घाटन गरेको छ । शोषक, उत्पीडकसँग सााठगाँठ हुने मानिसहरूले आफ्नो वर्गगत भूमिकाको विवशताको कारणले गर्दा वस्तुस्थितिलाई साँचो अर्थमा नबुझी विचारधाराको अर्थलाई पनि छद्म चेतनामा सीमित गर्दा (ग्रेवाल, २०६७, पृ. २४०) यस्तो अनुभूति हुन्छ। यसले व्यक्तिको अवसरवादी तथा शोषक, शासककै सेवा गर्ने प्रवृत्तिलाई स्पष्ट पार्छ। झुपडीमा बस्नेले महलमा बस्नेले गरेका अन्यायको विरोध नगरे त समाज सधै शान्तिपूर्ण हुनेजस्ता शोषक, सामन्ती वर्गीय कुचेतना आदित्यमा पनि रहेको कुरा यसले स्पष्ट पारेको छ। तर उसकै बा वा कार्यालय बा विद्रोही चेतनाका साथ जनयुद्धलाई सहयोग गर्ने, माओवादी छापामाररु बन्न चाहनेलाई वर्गीय सचेतना थपेर सहयोग गर्ने तथा सही पथ प्रदर्शन गर्ने अत्यन्तै इमान्दारी तथा सहयोगी पात्र रहेको देखिन्छ। उनभित्र वर्गीय युद्धको आगो सल्काएर शक्ति र सत्ताका शोषक, भ्रष्ट, दलालहरूलाई जलाउनु पर्छ भन्ने सबल प्रतिरोधी चेतना सलबलाएको देखिन्छ । तर उपन्यसमा आएका कतिपय अभिव्यक्तिबाट उनका छोरा आदित्यलाई भने उनको बाटो मन नपरेको बुझिन्छ। उपन्यासमा उनको पार्टी प्रतिबद्धता यसरी प्रस्तुत गरिएको छ :

> "म बुझ्ने भएदेखि नै बा अलग धारबाट हिँड्न रुचाउनु भो । वर्गयुद्धको आँधी सल्केपछि कमै देखिनुहुन्थ्यो घरमा । समय तालिका वदलियो घरमा आउने जाने । अर्ध भूमिगत जस्तै हुनुभो" (पृ. ३५) ।

त्यस्तैगरी आदित्यले गाउँका धेरै कुरा बदल्यो समयले तर मान्छेको संङ्कुचित सोच बदल्न सकेन भनेको सन्दर्भमा आदित्यका बाको वर्गीय चिन्तनमा आधारित उत्पीडित वर्गीय विद्रोही तथा प्रतिरोधी अभियान उपन्यासमा यसरी आएको छ :

"बा भन्नुहुन्थ्यो, यही सोच बदल्न सुरुभएको जनयुद्ध ।"

> "अक्सर रातिमै हुन्थे सबै कार्यक्रम । योजना बन्थे राति नै र प्रशिक्षण हुन्थ्यो राति । समय-समयमा बा आउनुहुन्थ्यो मध्यरातमा कटेपछि। पत्रजस्तो केही कागज हुन्थ्यो हातमा। राति अबेर आएको भोलिपल्ट सबेरै छोड्नु हुन्थ्यो घर। सेना र शङ्कास्पद मान्छेहरू घुमिरहन्थे गाउँमा। डराइडराइ झ्यालको चरबाट चियाएर हेर्थ्यौं, शङ्कास्पद मान्छे र सेनाका गाडीलाई। युद्ध कम भएन बरु बिस्तारै पुरै हराएर गयो डर।" (पृ.४४ देखि ४५)

उपन्यासमा कार्यालय बा लगायत क्रान्तिकारी विचारधाराबाट निर्देशित र नियन्त्रित भएका पात्रहरू जनयुद्धमा लामबद्ध हुने तयारीमा सेना तथा प्रहरीका कुदृष्टि छलेर सचेत रूपमा वर्गीय प्रतिरोधमा जुटेका कुरा यसले स्पष्ट पारेको देखिन्छ। उपन्यासमा जनयुद्ध शान्ति सम्झौतामा पुगेर रोकिए पनि केही पात्रले त्यसको विरोध गरी विद्रोही अभियानमा नै अगाडि बढेका छन्। यसले सचेत पात्रहरूमा आन्तरिक तथा बाह्यद्वन्द्व सिर्जना भएको छ। उपन्यासमा क्रान्तिकारी अभियान शान्ति सम्झौतातिर सोभिएपछि हातहतियार बुझाएर क्यान्टोन्मेन्ट थुनिदा, कारागारको बन्दीजस्तो अनुभूति गरेका, नेतृत्वले गरेका बदमासीप्रति असन्तुष्ट रहेका विद्रोही योद्धाहरूको प्रतिनिधि पात्र आविष्कारजस्ता युवामा विकसित भएका वर्गीय आक्रोशहरू आदित्यबाटै यसरी वर्णन गरिएका छन् :

> "प्रयोग मात्र भइरह्यौं हामी हिजोदेखि आजसम्म। गहिरो भिन्नता देखियो भनाइ र गराइमा। घुमाउरो रूपमा सुविधाको घेराबाट बाहिर राखियो हामीलाई। सत्ताको भरेङबाट धकेलियो र पाखा लगाइयो किनारामा। जुन किनारामा थियौं त्यही किनारामा आइपुगेँ म आज। युद्ध गरियो हाम्रो काँधमा चढेर। सफलता प्राप्त भयो हाम्रो खुट्टाले दौडिएर। सत्ताको विरोधमा पहिलो र चर्को आवाज निस्क्यो हाम्रै बस्तीबाट। उसको स्वरमा आक्रोश मात्र थिएन यथार्थ पनि थियो।" (पृ. १०३)

उपन्यासमा आविष्कारजस्ता दलित, उत्पीडित युवाहरूले जनयुद्धकालमा पार्टीको नियम, अनुशासनमा रही जनयुद्धमा ज्यानको बाजी लगाएर सङ्घर्षमा सामेल भएका कुरा यसले स्पष्ट पारेका छ। यस्तै युवाहरूले लगनशीलताका साथ हतियार

समातेर वा घुम्ती रेडियो सञ्चालन गरेर क्रान्तिकारी आवाजहरूलाई बुलन्द पार्ने खालका कार्यक्रमहरू सञ्चालन गर्दै, गीतहरू बजाउँदै जनयुद्धलाई कलम र तरबार दुवैले सहयोग गरेको देखिन्छ। उनीहरूमा जनयुद्ध सम्पन्न भएपछि समाजको आमूल परिवर्तन हुन्छ भन्ने आशा रहेको देखिन्छ। पुराना खराब मूल्य, मान्यताहरू फेरिएर नयाँ मान्यता स्थापना हुन्छन्, समतामूलक तथा न्यायमूलक समाजिक संरचना स्थापना हुन्छ भनेर जनयुद्धमा आविष्कारजस्ता युवाहरू लामबद्ध भएका भन्ने कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छः

> "दलनको अन्त्य हुन्छ अब। हरेक खालका विभेदले मानिसलाई उच्च, निच बनाएको हो समाजमा। कोही मालिक र कोही दास असम्भव छ अब। सम्मानजनक अस्त्विको लडाइँ हो यो। त्यो बिहान निकै आक्रोशमा थियो आविष्कार।" (पृ. २१८)

उपन्यासमा आएको प्रस्तुत कथांशबाट लामो युद्ध लडेर आएका विद्रोही योद्धाहरूमा समाजको आमूल परिवर्तन भई समग्र विभेद र उत्पीडनबाट मुक्ति पाइन्छ, स्वतन्त्रता र स्वाभिमानको रक्ष हुन्छ भन्ने विश्वास रहेको कुरा पस्ष्ट भएको छ। तर यहाँ सम्झौतामा आधारित जनयुद्धले आशा र विश्वासमा आघात पुगको कुरासमेत स्पष्ट पारिएको छ। क्रान्तिकारी अभियानमा सक्रिय योद्धाहरू जनयुद्धले नेपाली समाजको सोचेजस्तो आमूल परिवर्तन नगर्दै नेतृत्वले सम्झौतातिर सोझाएपछि यसवाट रुष्ट हुनु स्वाभाविक पनि हो। आविष्कारजस्ता युवामा वर्गीय सचेतनाको विकास गराई वर्गसङ्घर्षमा सामेल गराउने प्रमुख पात्र शारदा र आदित्यका बा हुन्। आविष्कार लगायत शारदा र कार्यालय बा वर्गीय प्रेम, वर्गीय उत्थान तथा वर्गीय मुक्तिका लागि उत्पीडित वर्गले सशस्त्र युद्ध नै गर्नुपर्छ भन्ने प्रतिरोधी चेतना रहेको देखिन्छ। शारदाका वर्गीय पक्षधरता तथा प्रतिरोधी चिन्तन उपन्यासका यसरी प्रस्तुत गरिएको छ :

> "भिरेको बन्दुक बिसाउने कायर हुन्छ युद्धको मैदानमा। योद्धाहरूलाई युद्धको स्कुलिङ्मा हुर्काउन निपूर्ण थिइन् शारदा। सामना परिवारको गीत गुञ्जाउँदै जागरण ल्याउने युवाहरू एकएक गरेर पसे युद्धको मोर्चाभित्र। ... प्रशिक्षणको समयमा शारदा भन्थिन्, छापामार युद्ध हो हाम्रो अन्तिम मिसन। सबै मोर्चाबाट लडाकु हुन सक्ने र चाहने सबैले मनस्थिति बनाउनुहोस् छापामार लडाईंका लागि। व्यक्ति र परिवार होइन अब गर्नेस् समाज परिवर्तनका लागि लड्ने।" जोशिलो हुन्थ्यो उनको प्रशिक्षण। शरीरमा रगत उम्लिएको हुन्थ्यो मुठ्ठी कस्ने युवाहरूको। (पृ. २७-२८)

उपन्यासमा आएको प्रस्तुत कथांशले शारदाले जनयुद्धमा सहभागी हुने विद्रोही योद्धालाई वर्गीय उत्पीडनबाट मुक्तिका निम्ति सचेत रूपमा युद्ध लड्नेपर्ने कुरामा प्रतिबद्ध बनाएको कुरा पस्ष्ट पारेको छ। शारदा लगायत अम्बिका, इच्छा, आकृति, आविष्कारजस्ता पात्रहरू समतामूलक तथा न्यायमूलक समाज र स्वतन्त्रताका पक्षमा उभिएर जनयुद्धलाई सचेत रूपमा सहयोग गर्ने पात्रहरू हुन्। यी पात्रहरूले यही चेतनाले जनयुद्धलाई गला, कला र तरबारका माध्यमबाट सहयोग गरेका छन्। जनयुद्ध शान्ति सम्झौतामा गएर टुङ्गिएपछि तथा आफूहरू अयोग्य लडाकु भएर बाहिर निस्कन परेपछि आविष्कार जस्ता युवाहरूमा भने निकै निराशावादी चिन्तनको विकास भएको देखिन्छ। छिटो समयमा धेरै सङ्घर्ष गर्ने र आश पनि गर्ने मान्छे नै धेरै निराश पनि हुन्छ भनेझैं लामो जनयुद्ध लडेर आएको वीर, साहसी पात्र आविष्कार अन्तिममा जनक्रान्तिबाटै उही किनारमा छोडिएको अनुभूतिका कारण आक्रोश र निराशावादी चिन्तन एकैचोटि उपन्यासमा यसरी प्रस्तुत गरिएका छ :

> "कोही अछुत छैन तर अछुत बनाएको छ समाजले। वर्षौंदेखि यही राज्यव्यवस्थाको दलनमा छौं हामी। किन कहीं छैनौं कूल जनसङ्ख्याको तेह्र प्रतिशत भएर पनि ? निर्णय प्रक्रियामा सधै बाहिर। उच्च तहमा कहाँ छ हाम्रो अस्त्वि ? संवैधानिक समिति, न्यायलय, उच्चस्तरीय आयोगमा कहाँ छ हाम्रो उपस्थिति ? गजवको राजनीति चलेको रहेछ स्वार्थीका लागि। दुनियाँ बदल्ने हिडियो लामो समय। आफैं बदलिनुको विकल्प रहेन अब। मानिसले बोकेर हिँडेको छ खिया लागेको मगज। हामीलाई अझै अछुत बनाएर स्वघोषित छुत भएको

छ आफू।" (पृ. १४६)

उपन्यासमा आएको प्रस्तुत कथांशले विद्रोही योद्धा आविष्कारमा जनयुद्धपछि पनि नेपाली समाजमा उस्तै जातीय विभेद, लैङ्गिक विभेद तथा आर्थिक विभेदबाट उत्पीडित बनेर बाँच्नु पर्ने अवस्था सिर्जना भएकोमा आविष्कार तथा इच्छाजस्ता छापामार तथा योद्धाहरू निकै आक्रोशित बनेका छन् । आविष्कारले उही बुर्जुवा संसदीय व्यवस्थामा लगेर अकूत कमाउने नेताप्रति पोखेका घृणा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

"उर्वर जीवनका कैयौँ लगानी गरेर आर्जन गरेको ज्ञान यही थियो उसको । त्यही बिहान भनेको थियो, देखे समानताको नारा बोकेर असमान व्यवहार गर्नेहरूलाई । सर्वहाराको मुद्दा बोकेर अकूत कमाउनेहरूलाई । घिन लाग्दोरहेछ आदित्य, महङ्गा दरबारमा बसेर सुविधाभोगी बनेका नेताहरू देख्दा । निरङ्कुशताको कालो छायाँ देख, आफ्नै नेताको अनुहारमा । बुझे, सत्ता र शक्तिले कसरी स्खलित बनाउँदो रहेछ आदर्श ।" (पृ. १४७)

उपन्यासमा आएको प्रस्तुत कथांशले विद्रोही योद्धाका जनयुद्धमा सर्मपित योद्धाहरूमाथि नेतृत्व वर्गबाटै विभेद गरेको अनुभूति भएपछि आविष्कार जस्ता युवामा तीव्र आक्रोश सिर्जना भएको छ । सामाजिक विभेद र दलहन उस्तै रहेको हुँदा बिस्तारै निराशावादी चिन्तन गहिरिँदै गएको देखिन्छ । विश्वमा भएका कम्युनिष्ट क्रान्तिहरू रुसी क्रान्ति, फ्रान्सेली क्रान्ति सबै पढेको तथा आफै दशवर्ष जनयुद्धमा होमिएर भुक्तभोगी भएको पात्र आविष्कारले मरेर युद्ध जितिदैन भन्ने कुरो बुझी पुनः विद्रोहमा लाग्नुपर्थ्यो । आत्महत्याको बाटो समाउनु गलत भएको देखिन्छ । आत्माहत्या समस्या समाधानको विकल्प होइन, जीवनको विकल्प जीवन नै हो, विद्रोह र क्रान्ति हो । मार्क्सवादका अनुसार क्रान्तिकारी यथार्थको बिचबाट जन्मेर हुर्केका वीरहरू बढी प्रभावशाली हुन्छन् र यस्ताको मृत्यु बढी त्रासदी पनि हुन्छ (बराल, २०६७, पृ. ७६) । यस उपन्यासमा पनि यस्तै पात्र आविष्कार सदियौँदेखि दलहनमा परेको व्यक्तिले धेरै आशा गरेको तथा आशा गरेबमोजिम क्रान्तिबाट आमूल परिवर्तन नभएपछि छिट्टै नै निराशाको भुमरीमा परेर आत्महत्याको निर्णयमा पुगेको देखिन्छ । युद्ध विरामपछि जनयुद्धका लडाकुहरूलाई आफ्ना हतियारहरू थन्काएर बस्ने कुरा पनि कारागारमा पसेको जत्तिकै पीडादायी भएको कुरा उपन्यासमा यसरी आएको छः

"जीवनको साँघुरो गल्लीबाट कसरी सुरुवात भयो युद्ध । कसरी भत्कियो लडाकुहरूको सपना ? आँखाको सपना मारेर कसले पुऱ्यायो यो तातो मरुभूमिमा" (आविष्कार, पृ. ६८) ।

उपन्यासमा आएको प्रस्तुत कथांशले विद्रोही योद्धाका एकातिर सपना पुरा नहुँदै हतियार बुझाँउँदाको पीडा भने अर्कातिर लडाकुहरूलाई अयोग्यताको ट्याग लगाउँदाको आक्रोश छ । नेतृत्व केन्द्रीकृत शोषणमुखी तथा सामन्तवादी राज्यसत्ताको परिबन्दमा परेर त्यसैको फेरो समाउन पुगेको कारण योद्धाहरूमा स्वभाविक रूपमा आक्रोश सिजर्ना भएको देखिन्छ । त्यसरी आक्रोशित हुनेमध्येका प्रतिनिधि पात्र इच्छा र आविष्कार हुन् । तर जनमुक्तिका खातिर लामो जनयुद्ध लडेका योद्धाहरूलाई अनमिन लगाएर उही शोषण, दमन, अन्यायमा पार्ने प्रयास गरिएको देखिन्छ । तर एकपटक असफल हुँदैमा पलायनको बाटामा लागे भने वर्गीय द्वन्द्वमा शक्तिशाली वर्गले शक्तिहीन वर्गलाई अझै बढी दलन, शोषण र उत्पीडनमा पारिरहन खोज्छन् । राजनीतिक सत्ता अर्को वर्गमाथि दमन गर्ने सङ्गठित शक्ति हो (भट्टराई, २०७७, पृ. ९७) । यही मर्कामा यस उपन्यासका योद्धाहरू परेको देखिन्छ । शान्ति सम्झौतापछि जनयुद्ध लडेका लडाकुहरूको परिचय तथा योग्यता माग्दै धेरै जसोलाई अयोग्य साबित गराउनेमा सत्ताका साझेदार वर्गहरू सक्रिय रहेको देखिन्छ । यही देख्दा आविष्कारमा आएका वर्गीय चिन्तन तथा आक्रोशहरू यस उपन्यासमा आविष्कारमार्फत नै यसरी प्रस्तुत गरिएको छ :

"म आविष्कार विश्वकर्मा । रहरभन्दा बढी बाध्यताले समाएको हुँ बन्दुक । स्कूलको बाटोबाट मोडिएर हिँडेको हुँ, युद्धको बाटोमा । मैले जानेको यही अनुभव छ मसँग । आफ्नो अस्तित्व खोज्दै हिँडेको हुँ, यो राज्यको मूलधारमा । देशको मानचित्रमा आफ्नो अनुहार खोज्दै हिँडेको नागरिक हुँ, म । भन्नोस् कुन शैक्षिक प्रमाणपत्र बुझाऊँ म तपाईलाई ?" (पृ. १०३)

यही सन्दर्भमा इच्छाको अभिव्यक्ति उपन्यासमा यसरी आएको छ : “म हिँड्दै आए काँडाको बाटो। साहस र आँटको थियो हिँडेको बाटो । दुःखकै बाटो पनि सपना थियो आँखामा । जिन्दगीको बाँकी बाटो अरू कठिन छ मेरा लागि” (पृ. १७१) । उपन्यासमा आएको प्रस्तुत कथांशले केन्द्रीकृत शोषणमुखी तथा सामन्तवादी राज्य व्यवस्थामा शिक्षा, स्वास्थ्य, अवसरजस्ता विभिन्न किसिमका विभेद र शोषणमा परेपछि स्वःपहिचान र अस्तित्वको खोजी गर्दै विद्रोही अभियानमा लागेका योद्धाहरूसँग शैक्षिक योग्यताको प्रमाणपत्र माग्दा आएको स्वाभाविक आक्रोशलाई स्पष्ट पारेको छ । मार्क्सका अनुसार आधारले नै अधिरचनाको स्वरूप निर्माण गर्छ र अधिरचनाले आधारमा निहित वर्गविभेदलाई संरक्षण गर्छ (उप्रेती, २०६८, पृ. १६२) । यसरी नै विभेदमा पारिएका कारण आफ्नो पहिचान तथा शदियौँदेखिको दलनबाट मुक्ति नपाएकै कारण विद्रोही बन्दै जनयुद्धमा सहभागी योद्धाहरूले शैक्षिक प्रमाणपत्र कहाँबाट ल्याउने र ? यही कारण उनीहरूलाई अनमिन लगायतले फेरि विभेदमा नै पार्न खोजेको कुरा यहाँ स्पष्ट देखिन्छ। ज्यानको माया मारेर लड्ने आविष्कार तथा इच्छाजस्ता योद्धाहरूको त्याग, बलीदानीको अर्थ मेटिने स्थिति युद्धविरामपछि सिर्जना हुनु दुःखद हो । यसर्थ उपन्यासमा भ्रष्ट, दलालहरू तह लगाउन सुरुवात गरिएको जनयुद्धका नेतृत्व वर्ग नै त्यही बाटोमा मुछिन थालेपछि होनहार योद्धाहरूले खबरदारी गरिरहनु पर्ने सङ्केत गरिएको छ। त्यस्तै यस उपन्यासमा आएका अन्य पात्रमा सलिना, अम्बिका, देव युद्धविराम नगरी क्रान्तिकारी अभियानलाई निरन्तरता दिनुपर्छ भन्ने सचेतनाबाट प्रेरित हुँदै विद्राहमा नै सक्रिय भएका देखिन्छन् । यी पात्रहरूमार्फत वीर योद्धाहरू कहिल्यै कायर हुँदैनन्, नेतृत्वलाई सबरदारी गर्दै सबै प्रकारका विभेदरहित, समातामूलक तथा न्यायमूलक समाज निर्माण नभएसम्म क्रान्तिकारी अभियानमा लागिरहन्छन् भन्ने रहस्य उद्घाटन गरेर उत्पीडित वर्गीय प्रतिरोधको समर्थन र योद्धाहरूप्रति सहानुभूति प्रकट गरिएको छ। उपन्यासमा सलिना, अम्बिका, देवजस्ता केही पात्रहरू जनयुद्धलाई शान्ति प्रक्रियामा लगियो भने तापनि विद्रोही अभियानमा नै गतिशील भएको देखाएर उत्पीडित वर्गीय क्रान्तिकारी प्रतिरोध कहिल्यै रोकिने छैन निरन्तर चलिरहन्छ भन्ने सन्देश दिइएको छ।

उपन्यासमा आएका अन्य गौण पात्रहरूमा खुशीराम पाखिन, कृष्णसेन इच्छुक आदि कला-साहित्यमार्फत आम जनतामा वर्गीय चेतना विकास गरी कान्तिकारी जनयुद्धको तयारीमा लागेका सक्रिय पात्रहरू रहेको देखिन्छ। यी दुवै पात्र उपन्यासमा सांङ्केतिक रूपमा मात्र आएका छन् । त्यसैगरी यस उपन्यासमा जर्नेल, कर्नेल, चौकीदार, अन्य सिपाहीहरू, प्रहरीहरूजस्ता पात्रहरू विभेदकारी, शोषणमुखी तथा सामन्तवादी राज्यसत्ताका संयन्त्रबाट निर्देशित तथा परिचालित पात्रहरू हुन् । नयाँ विचारको उदय हुनेबित्तिकै दमन गरिहाल्नुपर्छ भन्ने पुँजीवादी, सामन्ती व्यवस्थाबाट निर्देशित यस्ता पात्रहरूमा राज्यसत्ताको सेवा गर्ने, उत्पीडित वर्गमाथि दमन गर्ने प्रवृत्ति रहेको तथा मानवीय संवेदना र विवेक नरहेको देखिन्छ्। यी पात्रहरू माओवादीका नाममा आम सर्वसाधारण जनतालाई समेत यातना, दुःख दिने, झुटा मुद्दा लगाएर थुनाउने काममा खप्पिस रहेको देखिन्छ। राज्य संयन्त्रको विद्रोही माओवादीहरूलाई सिध्याउने रणनीतिमा सक्रिय भएर लागेका यी पात्रहरू नोकरशाही तन्त्रका प्रतिनिधि हुन् । सोझो अर्थमा भन्दा माओवादीले सुरुवात गरेको जनयुद्धलाई तहसनहस बनाउन खटाइएका पात्रहरू हुन्। यी पात्रहरूमा अभिजात वर्गीय शोषक, सामन्ती सोचविचार र सोही वर्गको सेवामा हाजिर हुने उत्पीडक वर्गीय पक्षधरता रहेको देखिन्छ।

**निष्कर्ष**

यस उपन्यासमा सक्रिय भूमिकामा रहेर जनयुद्धमा सहभागी भएका पात्रहरूमा उत्पीडित वर्गीय वैचारिक दृष्टिकोण तथा निम्नवर्गीय पक्षधरता रहेको देखिन्छ। यी पाात्रहरू विद्रोही तथा क्रान्तिकारी सचेतनाबाट निर्देशित भई वर्गद्वन्द्वमा आबद्ध तथा गतिशील देखिन्छन् । उपन्यासमा शारदा, आविष्कार, कृष्णसेन र खुशीराम पाखिनजस्ता पात्रहरूमार्फत जनयुद्धमा उत्पीडित वर्गीय पक्षधरताका साथ कलम र तरवार मार्क्सवादी विचार र दर्शनबाट नियन्त्रित र निर्देशित भई चलेको यथार्थता

उद्घाटन गरिएको छ। जनयुद्ध स्थगनपछि सोचेजस्तो समाजिक रूपान्तरण नहुनु तथा नेतृत्वले सहिदका सपना बिर्सेर उत्पीडित वर्गीय पक्षधरता रहेका योद्धाहरू अयोग्य ठहर हुनु, युद्धको घाउ बोकेर घर फर्कन वा खाडीमा पुग्न विवश हुनुमा उत्पीडित वर्गीय पक्षधरता बोकेको पार्टी नेतृत्वको कमजोरी देखिन्छ। उत्पीडित वर्गीय प्रतिनिधि पात्रहरूमा आफूले गरेका त्याग र बलिदानीको कतै मूल्याङ्कन नभएजस्तो अनुभूति हुनु, दलित, सीमान्तकृत वर्ग जुन किनारामा थिए, त्यही किनारामा पुगेको अनुभुति हुनुमा नेतृत्वले वर्गीय मुद्दा र जनयुद्धको उद्देश्य समातेर सही सम्बोधन गर्न नसकेको, विभेदकारी, शोषणमुखी तथा सामन्तवादी राज्यसत्ताका संयन्त्र, अनमिनका गलत कामको विरोध गर्न नसकेको देखिन्छ। इच्छाजस्ता भौतिकवादी योद्धाले बुद्धको आश्रममा मुक्ति खोज्दै जाँदा, आविष्कारजस्ता योद्धाले आत्महत्या गर्दा दलित, उत्पीडित वर्गीय वैचारिक चिन्तन र पक्षधरता नै कमजोर हुने देखिन्छ। यस्तो आत्महत्याले वर्गीय लडाइँमा आफ्नै वर्गलाई कमजोर बनाउँछ। त्यही कमजोरी आविष्कारमार्फत आख्यानकारले गरेका छन्। जनयोद्धाले त केही गर्न सकेनन् भने हामीजस्ता सर्वसाधारणले आन्दोलन गरेर शोषणमुखी सामन्तवाद हल्लिँदैन भन्ने प्रश्न खडा हुन्छ। यसबाट उत्पीडित वर्गमा विभेद तथा पुँजीवाद टसमस हुँदैन भन्ने नकारात्मक दृष्टिकोण सम्प्रेषण हुनसक्छ। त्यसैले प्रगतिवादी साहित्यकारले यस्ता कुरा सोचेर पात्रको प्रयोग गर्नुपर्छ। निराशावादी चिन्तन प्रस्तुत गरिएको साहित्यले निम्नवर्गीय दलित, उत्पीडित वर्गलाई झनै निराशावादी भुमरीमा पुऱ्याइदिन्छ। यस उपन्यासमा आविष्कार र इच्छाजस्ता जनयुद्धमा समर्पित भएका योद्धाहरूले आत्महत्या गर्नुपर्ने वा गुम्वामा पस्नुपर्ने बाध्यता सिर्जना हुनुमा माओवादी पार्टी नै दोषी रहेको देखिन्छ। नेतृत्वले जनयुद्धमा समर्पित लडाकु, घाइते, बेपत्तालाई राम्रोसँग सम्बोधन गर्न नसकेको कुरा पनि यसले उद्घाटन गरेको छ। यही कारण दशवर्ष जनक्रान्तिमा होमिएका योद्धा तथा छापामारहरू अन्त्यमा फेरि पनि खाडी मुलुकमा काम गर्न जानुपर्ने बाध्यता सिर्जना भएको कुरालाई यसले सङ्केत गरेको छ। कतिपय लेखकहरू बाहिर डुल्दा न्याय, सत्यप्रतिको निष्ठावान् भएझै वर्ग र वैचारिक पक्षधरताका ठूलाठूला गफ हाँक्ने, लेख लेख्ने, बोल्ने गर्ने तर व्यवहारमा ठिक विपरीत हुने गरेको देखिएझै यस उपन्यासको प्रमुख पात्र आदित्यले स्वतन्त्र पल्टिन खोज्दा पीडक पनि ठिक, पीडित पनि ठिक, शासक पनि ठिक, शासित पनि ठिक, चोर पनि ठिक पुलिस पनि मानेको जस्तो अनुभूति गर्न सकिन्छ। एकै परिवेशमा दुई विपरीत व्यवहार तथा विचार कहिल्यै एकैसाथ सही हुनै सक्दैनन्। अन्यायमाथि प्रहार नगरी न्याय पाउने सकिँदैन भन्ने कुरा पनि नबुझेको पात्र कसरी पत्रकार बन्छ भन्ने कुरा अग्रगामी चिन्नत रहेका पाठकले शङ्का गर्ने ठाउँ बनेको देखिन्छ। उपन्यासमा उसले नेपाली समाजमका बुझ पचाउने बौद्धिक तथा अबसरवादीहरूको जता पनि साखिल्ले पल्टने प्रवृत्तिको प्रतिनिधित्व गरेको देखिन्छ। यसर्थ ऊ उपन्यासमा शिक्षित, बौद्धिक पत्रकार भएर पनि आफ्ना स्पष्ट धारणा वा विचार नराख्ने, सबैतिरबाट जोगिन खोज्ने तथा सबैको साखुल्ले पल्टन खोज्ने पात्रका रूपमा उभिएको देखिन्छ। शदियौँदेखि यस्ता अवसरवादी बौद्धिकहरू पनि जुनसुकै समाजमा सलबलाइरहेका हुन्थ्ये र तिनहरूले उत्पीडित वर्गप्रति सहानुभूति देखाएजस्तो गरे पनि वारको पार युद्धमा उत्पीडित वर्गलाई कहिल्यै सहयोग गर्दैनन् भन्ने सन्देशसमेत यसले दिएको छ। आदित्य जनयुद्धकालीन समयमा माओवादी छापामार तथा राज्यसत्ताबाट गरिएका विभिन्न दमन, शोषण, अन्याय, अत्याचारका बारेमा खुलेर नबोली तठस्त बस्न खोजे तापनि उसको झुकाव निम्नवर्गमाथि नै बढी रहेजस्तो चाहिं देखिन्छ। उपन्यासमा प्रयोग गरिएका अन्य प्रमुख पात्रहरू उत्पीडित वर्गीय चेतना सशक्त रहेका तथा वर्गीय पक्षधरताका साथ जनयुद्धमा सहभागी भएका देखिन्छन्। प्रायः पात्रहरू वर्गीय चेतना, पक्षधरता, पार्टीगत बैचारिक चिन्तन तथा प्रतिरोधी चेतनाबाट निर्देशित भई वर्गसङ्घर्षमा सक्रिय रहेका छन्। समग्रमा भन्दा यस उपन्यासका प्रयोग गरिएका पात्रहरू कार्यालय बा, शारदा, आविष्कार, सलिना, अम्बिका, इच्छा देव आदिमा समग्र उन्मुक्ति र स्वतन्त्रताको सपना बोकेर जनयुद्धमा लागेका युवा योद्धाहरूका प्रतिनिधि पात्र हुन्। नेपाली समाजमा व्याप्त सबै प्रकारका विभेदबाट मोक्ष वा मुक्ति पाउन केके गर्नुपर्छ, सबै गर्न तयार यस्ता योद्धाहरू जनयुद्ध सोचे जस्तो उपलब्धिमा नपुगी रोकिंदा निरास हुनु स्वभाविक हो। आमूल परिर्वतन र क्रान्तिका गीत गाएर क्रान्तिका मूल्य, मान्यता अनुशरण गर्ने जोस र होस् रहेका माओवादी छापामारहरूका लागि आमूल

परिर्वतन नहुँदै जनयुद्ध रोकेर हातहतियार बुझाउने तथा अयोग्य लडाकु सावित गराउने नेतृत्वको काम कत्ति पनि स्वीकार्य भएन र हुँदैन पनि । यही कारण आमूल परवर्तन चाहने योद्धाहरूमा आक्रोश आयो । उनीहरूका युद्धकलीन आला घाउहरू बल्जिएको देखिन्छ । युद्ध विरामले सदियौँदेखि जातीय तथा वर्गीय दलनमा परेका आविष्कार र इच्छाजस्ता नयाँ पहिचान र अस्तित्त्वको खोजमा जनयुद्धमा लागेकाहरूको स्वभिमानमा चोट पुगेको देखिन्छ । उपन्यासको अन्त्यमा सचेत क्रान्तिकारी पात्रहरूका प्रतिनिधिका रूपमा सलिना र देवलाइ उपस्थित गराई समाज तथा नेतृत्व फेरि उही पुरानै पुँजीवादी शोषक, सामन्ती शैलीतिर धकलिँदै गएका कारण क्रान्तिकारी विद्रोहलाई निरन्तरता दिनुपर्छ भन्ने सन्देश दिई उत्पीडित वर्गीय विद्रोहलाई प्राथमिकता दिएर सोही वर्गीय पक्षधरता देखाइएको छ । यही नै यस उपन्यासको पक्षधरताको सबल पक्ष हो ।

**सन्दर्भग्रन्थसूची**


अर्याल, भोजेन्द्र (२०६८). *नेपाली समाज र संस्कृतिका उपागमहरू,* ज्ञानकुन्ज प्रकाशन ।

अविरल, सिर्जन (२०७८). *मोक्ष,* साङ्ग्रिला बुक्स प्रा.लि. ।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा,* अक्षर क्रियसन्स नेपाल ।

ग्रेवाल, ओमप्रकाश (२०६७). 'विचारधारा र साहित्यको अन्तर्सबन्ध', *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य'*. घनश्याम ढकाल र अन्य (सम्पा.). अखिल नेपाल लेखक सङ्घ, पृ.२३८-२५५ ।

चापागाईं, निनु (२०६७). *मार्क्सवादी साहित्यचिन्तन,* (सम्पा.), साझा प्रकाशन. ।

चापागाईं, निनु (२०६७). 'मार्क्सवादी समालोचना विधि र मापदण्ड'. *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य'*. घनश्याम ढकाल र अन्य (सम्पा.), अखिल नेपाल लेखक सङ्घ, पृ. ५९-१०० ।

चैतन्य (२०६४). *मार्क्सवादी कलादृष्टि र समीक्षा* (दोस्रो संस्क.), ऐरावती प्रकाशन ।

ढकाल, घनश्याम र अन्य (सम्पा.) (२०६७). *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य,* अखिल नेपाल लेखक सङ्घ. ।

पाण्डेय, मैनेजर (२०६७). *साहित्य र सर्वहारा,* मा*र्क्सवादी साहित्यचिन्तन,* (सम्पा.) निनु चापागाई, साझा प्रकाशन, पृ. १४७-१६२ ।

बराल, ऋषिराज (२०६७). *मार्क्सवाद र उत्तरआधुनिकतावाद,* साझा प्रकाशन. ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* भुँडीपुरान प्रकाशन ।

भिक्टर, आपानास्येभ (२०७८). *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान,* (दोस्रो संस्क.), अनु. कृष्णप्रकाश श्रेष्ठ, स्वदेश प्रकाशन ।

मोहन, वैद्य (किरण) (२०६८). *मार्क्सवादी दर्शन,* प्रगतिशील अध्ययन मण्डल ।

लुकास, जर्ज (२०६७). 'सौन्दर्यशास्त्रका बारेमा मार्क्स र एङ्गेल्सका विचारहरू'. *मार्क्सवादी साहित्यचिन्तन* (सम्पा.). निनु चापागाई. साझा प्रकाशन, पृ. १४-३८ ।

लेनिन, भ्ला.इ. (२०६३). *राज्य र क्रान्ति,* अनु. कृष्णप्रकाश श्रेष्ठ, जनसाहित्य प्रकाशन समूह ।